नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

टेकु, काठमाण्डौं

फोन नं.०१-४१००२२३

प.सं. : २०७६/०७७
च.न. : १४६१

मिति : २०७७।०१।०५

**बिषय : आवश्यक व्यवस्थापन गर्ने सम्बन्धमा ।**

**श्री स्वास्थ्य बीमा बोर्डमा सूचिकृत सम्पूर्ण स्वास्थ्य सेवा प्रदायक संस्थाहरु,**

विश्वव्यापी रुपमा फैलिएको COVID -19 को महामारीबाट नेपाल समेत प्रभावित भैरहेको र यस महामारीलाई नियन्त्रण गर्न नेपाल सरकारले अवलम्बन गरेको बन्दाबंदी (Lock-Down) को नीतिबाट विभिन्न सेवाप्रदायक स्वास्थ्य संस्थाहरुबाट बीमित सदस्यहरुलाइ पुऱ्याउने सेवामा समेत केहि असर परेको बुझिएको छ । यस विषम परिस्थितिमा समेत केहि दीर्घकालीन र गम्भीर प्रकृतिका रोग लागेका बीमित र सेवाग्राहीहरुले स्वास्थ्य संस्थाहरुबाट नियमित जाँच पड्ताल गराउनु पर्ने र नियमित रुपमा औषधी सेवन गर्नुपर्ने हुन्छ । जुन अत्यावश्यक सेवा अन्तर्गत नै पर्दछन् । यस जटिल परिस्थितिमा समेत यस बोर्डसँग सूचिकृत केहि स्वास्थ्य संस्थाहरुबाट अत्यावश्यक सेवा आवश्यक पर्ने बीमित सदस्यहरुलाई पुऱ्याइरहेको सेवाको लागि यस बोर्ड सम्पूर्ण सूचिकृत स्वास्थ्य संस्थाहरुलाई उच्च सम्मानका साथ हार्दिक धन्यवाद दिन चाहन्छ । तर केहि स्वास्थ्य संस्थाहरुले अनेक बहानामा केहि बीमित सदस्य वा परिवारलाई दिनु पर्ने अत्यावश्यक सेवा समेत प्रदान नगरेको भन्ने गुनासो प्राप्त भएकोले यस बोर्डको गम्भीर ध्यानाकर्षण भएको छ र यसतर्फ सम्बन्धित स्वास्थ्य संस्था र यसका संचालकहरुको समेत गम्भीर ध्यानाकर्षण गरिन्छ । राष्ट्रिय विपदको यस घडीमा स्वास्थ्यकर्मीहरुको पर्याप्त सुरक्षालाई समेत ध्यानमा राखी सजगता, संयमता र गम्भीरतापूर्वक आफ्नो अत्यावश्यक सेवा संचालन गर्न सम्बन्धित स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुलाई अनुरोध गरिन्छ । यस विषम परिस्थितिमा समेत सूचिकृत स्वास्थ्य संस्थाहरुको यस बोर्डबाट प्राप्त हुनुपर्ने सम्पूर्ण बक्यौता रकम राफसाफ गराउने तर्फ यस बोर्ड अत्यधिक कृयाशील रहेको समेत अवगत गराउँदछौ । Lock-Down को यो विशेष परिस्थितिमा बीमितहरुलाई आवत जावत गर्न समेत कठिन हुने तथ्यलाई दृष्टिगत गर्दै कुनै पनि सूचिकृत स्वास्थ्य संस्थाहरुबाट सेवा प्राप्त गर्न आउने दीर्घ एवं गम्भीर प्रकृतिका रोग एवं प्रसुती लगायतको सेवा लिन आउने बीमित सदस्यहरुलाई नेपाल सरकारबाट निर्धारित Lock-Down अवधी भर ओपिडी सेवा वन्द भएको हकमा ईमरजेन्सीबाटै भएपनि सूचारु रुपले सेवा संचालन गर्न अनुरोध गरिन्छ । यस अवधीमा सूचिकृत स्वास्थ्य संस्थाहरुबाट गरिएका सम्पूर्ण सेवाहरुको उच्च कदर गर्दै दाबी मूल्यांकनमा समेत यस्ता सेवालाई उच्च प्राथमिकता साथ मूल्यांकन गरी भुक्तानी गरिने व्यहोरा समेत जानकारी गराईन्छ । बीमितले प्राप्त गर्ने सेवा र दाबी सम्बन्धमा सूचिकृत सेवा प्रदायक संस्थाहरुको कुनै जिज्ञासा भए दाबी व्यवस्थापन शाखा प्रमुख डा. प्रज्वल श्रेष्ठ (मोबाइल न: ९८४९१५२५३५) र सूचना प्रविधी प्रमुख इ.सुरेश तिंकरी (मोबाइल न: ९८४१७४१५४२) सँग सम्पर्क राख्नु होला ।

**धन्यवाद !**

रमेश कुमार पोखरेल
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
   सेवा अनुगमन महाशाखा, रामशाह पथ , काठमाडौं ।
२. श्री स्वास्थ्य सेवा विभाग, टेकु, काठमाण्डौ ।
३. श्री स्वास्थ्य बीमा बोर्ड सबै प्रदेश तथा जिल्ला कार्यालयहरु : आवश्यक सहजिकरण गर्नुहुन ।

Scanned with CamScanner